लोक सेवा आयोग

# धनकुटा कार्यालय, धनकुटा

☎ : ०२६-५२०१३०, ०२६-५२०१५१, फ्याक्स नं.: ०२६-५२०१५१, Website:www.psc.gov.np, Email: dhankuta@psc.gov.np

## सूचना नं. ३/०७७-७८, मिति २०७७/०६/२२

## विषय : परीक्षा भवन कायम गरिएको सूचना ।

लोक सेवा आयोग, सूचना तथा प्रकाशन शाखाको सूचना नं. ४१।०७७-७८ अनुसार लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर, काठमाण्डौंको वि.नं. १६६८६-१६६९२/०७६।०७७ (खुला/ समावेशी) रा.प.तृतीय श्रेणी ( अप्राविधिक), न्याय सेवा, न्याय/कानून/सरकारी वकिल समूह, शाखा अधिकृत वा सो सरह पदको लागि परीक्षा केन्द्र **धनकुटा** राखी Online बाट दरखास्त फाराम स्वीकृत गराएका उम्मेद्वारहरुको प्रतियोगितात्मक लिखित परीक्षा पूर्व निर्धारित परीक्षा कार्यक्रमानुसार निम्न मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

## परीक्षा कार्यक्रम

| पत्र | विषय | मिति | समय | उम्मेद्वार संख्या | परीक्षा भवन |
|---|---|---|---|---|---|
| प्रथम पत्र | शासन प्रणाली | २०७७/०७/१८ | दिनको १:०० बजे | १४६ जना | **५०००१-५०१००** श्री लोक सेवा आयोग, धनकुटा कार्यालय, धनकुटाको परीक्षा हल<br>**५०१०१ देखि बाँकी सबै** श्री धनकुटा बहुमुखी क्याम्पस, धनकुटा |
| द्वितीय पत्र | समसामयिक विषय | २०७७/०७/१९ | दिनको १:०० बजे | | |
| तृतीय पत्र | समसामयिक कानून तथा अभ्यास | २०७७/०७/२० | दिनको १:०० बजे | | |

**द्रष्टव्य :**

- प्रवेशपत्र बिना परीक्षामा सम्मिलित गराईने छैन । प्रवेशपत्रको प्रतिलिपि आवश्यक पर्ने उम्मेद्वारले एक दिन अगाडी नै लोक सेवा आयोग, धनकुटा कार्यालय, धनकुटाबाट अनिवार्य लिइसक्नु पर्नेछ ।
- उत्तरपुस्तिकामा अनिवार्य रुपमा कालो मसी भएको कलम/डटपेन मात्रै प्रयोग गर्नुपर्नेछ ।
- परीक्षा हलमा मोवाइल फोन तथा अन्य इलेक्ट्रोनिक डिभाइसहरु लैजान निषेध गरिएको छ ।
- परिक्षार्थीले परिक्षाकेन्द्रमा आउदा नागरिकताको प्रमाणपत्र वा मतदाता परिचयपत्र वा सवारी साधन चालक अनुमतिपत्र वा सरकारी कार्यालयवाट जारी भएको फोटोसहितको कुनै एकको सक्कलै प्रमाणपत्र अनिवार्य रुपमा आफुसाथ लिई आउनु पर्नेछ ।
- **संक्रमणको विशेष अवस्थामा परीक्षा (संचालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ अनुसार परीक्षार्थीले तपसिलमा उल्लेखित विषयहरुको पूर्ण पालना गर्नुपर्नेछ ।**
  - (१) परीक्षा केन्द्रमा प्रवेश गर्नुअघि उम्मेदवार स्वयम्ले कम्तिमा मास्क, स्यानिटाइजर तथा आफ्नो लागि खानेपानीको अनिवार्य व्यवस्था गर्नुपर्ने ।
  - (२) परीक्षार्थी परीक्षा शुरु हुनुएक घण्टा अगावै परीक्षा केन्द्रमा आइपुग्नु पर्ने ।
  - (३) उम्मेदवारले परीक्षा केन्द्रमा प्रवेश गर्दा र निस्कदा भिडभाड नगरीकन एकापसमा दुई मिटरको दूरी कायम गर्नु पर्ने ।

(४) परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नु पर्ने ।

(५) परीक्षार्थीहरु परीक्षा केन्द्रमा प्रवेश गर्दा, बाहिर निस्कँदा, शौचालय प्रयोग गर्नुपर्दा भिडभाड नगरिकन दूरी कायम गरी क्रमैसंग तोकिएको स्थानमा जानुपर्ने ।

(६) परीक्षार्थीहरु समूहमा भेला हुने, कुराकानी गर्ने गर्नु हुँदैन ।

(७) परीक्षार्थीले लेख्न बाँकी रहेको उत्तरपुस्तिकाको खाली ठाउँमा आफै काट्नु पर्नेछ र उत्तरपुस्तिका गन्ती गरी बुझाउनु पर्नेछ ।

(८) परीक्षार्थीले उत्तरपुस्तिका बुझाउँदा आफ्नो उत्तरपुस्तिका गन्ती गरी उत्तरपुस्तिका बुझाई हस्ताक्षर गरी बाहिर जानुपर्नेछ

(९) परीक्षार्थीले आफू कोभिड-१९ को संक्रमणबाट संक्रमित भए/नभएको स्वयंम घोषणा गर्नुपर्नेछ । संक्रमित परीक्षार्थीले परीक्षा केन्द्रमा प्रवेश गर्न हुने छैन ।

(गोपाल कार्की)
नायव सुब्बा

(रामप्रसाद ढुंगाना)
शाखा अधिकृत